जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १४४ पृष्ठः ४ | २०८२ असोज ०८ गते बुधबार (Wednesday 24 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## अपहरणपछि बालक हत्या

### हत्याको आशंकामा आठ जना आफन्त पक्राउ




सिरहा, ७ असोज। सिरहामा अपहरणपछि बालकको हत्या भएको घटनामा संलग्नताको आशंकामा प्रहरीले आफन्त र छिमेकीसहित आधादर्जनभन्दा बढीलाई नियन्त्रणमा लिएको छ। गोलबजार नगरपालिका १३ दुर्गापुर डङ्ग्राहका १४ वर्षिय अभिशेक कुमार सिंहको हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको हो। पक्राउ परेकाहरुको नामभने प्रहरीले सार्वजनिक गरेको छैन।

प्रहरीले अहिले जनकपुरबाट प्रशिक्षित कुकुरको प्रयोग गरेर अनुसन्धान थालेको छ। शव अझै घटनास्थलमै रहेको स्थानीयले जनाएको छ। अनुसन्धानका लागि आएका कुकुर पनि शव भएको वरपरनै घुमिरहेको छ। अहिले शव राखिएको करिव १० मिटर दक्षिणमा सानो खाल्डो समेत खनिएको छ। पहिलो सोही खाल्डोमा पुर्ने योजनासहित खाल्डो खनिएको भएपनि पानी परेकाकारण खन्न नसकेको प्रहरीको अनुमान छ। खाल्डो खन्न सक्ने अवस्था नभएपछि शव बाटोमै छोडेको हुनसक्ने अनुमान छ।

बालक घरबाट यहि असोज ५ गते आईतबार रातिको खाना खाएर घरबाट निस्केका थिए। प्रहरीलेभने अहिले अनुसन्धानको कार्यजारी रहेकोले तत्काल केही भन्न नसकिने बताए। राती साथीहरुसँग झिंजिया हेर्न गएको होलाभनि खोजतलास नगरेपनि विहानसम्म छोरा नआएपछि खोजलास सुरुगरेको वडा अध्यक्ष नन्दकुमार महतोले बताए। उनले भने, 'बालक विहानपनि घर नआएपछि खोजतलास गर्दै मेरोमा पनि आउनु

-बाँकी दुई पेजमा

## तीन सचिवको सरुवा



काठमाडौं, ७ असोज। सरकारले तीन जना सचिवको सरुवा गरेको छ। गृहसचिव गोकर्णमणि दुवाडी, रक्षासचिव रामेश्वर दंगाल र राष्ट्रिय योजना आयोगका सचिव सुमनराज अर्याल सरुवा भएका हुन्। आइतवार बेलुका बसेको मन्त्रिपरिषद्

-बाँकी दुई पेजमा

## पोखरीमा डुबर दुईको मृत्यु

सप्तरी, ७ असोज। सप्तरीको सुरुङ्गा नगरपालिका-२ मा रहेको हर्दिया पोखरीमा डुबेर आज दुई जना बालिकाको ज्यान गएको छ। स्थानीय सुरेन्द्र चौधरीकी ७ वर्षीया छोरी सुस्तिका र केशर चौधरीकी ११ वर्षीया छोरी आशकीको पोखरीमा डुबेर ज्यान

-बाँकी दुई पेजमा

## लुटिएको क्यामेरा फिर्ता भएपछि लहानमा पुनः राष्ट्रिय परिचयपत्र सेवा सञ्चालन



सिरहा, ७ असोज। जेन-जी आन्दोलनका क्रममा गत २४ भदौमा तोडफोड, आगजनीसँगै लुटपाट भएपछि सेवा ठप्प भएको इलाका प्रशासन कार्यालय लहानले केही राहदानीबाहेकका सेवाहरू क्रमशः सञ्चालन गरेको छ। आन्दोलनको क्रममा लुटिएको राष्ट्रिय परिचयपत्र शाखाको क्यामेरा फिर्ता भएपछि आइतबारदेखि परिचपत्रको सेवा पुनः थालेको हो। कार्यालय प्रमुख उपसचिव वेदनिधि खनालका अनुसार आन्दोलनकारीहरूले लुटेर लगेको क्यानन कम्पनीको क्यामेरा फिर्ता भएपछि परिचयपत्रसम्बन्धी सेवा पुनः सञ्चालनमा ल्याइएको हो।

'राष्ट्रिय परिचयपत्रका लागि करिब डेढ सयको संख्यामा दैनिक आउने सेवाग्राहीमध्ये आन्दोलनअघिकै क्षमतामा बढीमा ७० जनाको विवरण दर्ता गर्ने गरी सेवा नियमित गरिएको हो,' उनले भने। उनका अनुसार आन्दोलनका क्रममा कार्यालयमा आगजनी हुन नदिए पनि तोडफोडका कारण करिब १५ लाख रुपैयाँबराबरको क्षति पुगेको छ। गत २४ भदौदेखि अवरुद्ध रहेको राष्ट्रिय परिचयपत्र र राहदानीबाहेक नाबालक परिचयपत्र, वंशज, वैवाहिक, प्रतिलिपि नागरिकता वितरण १ असोजदेखि थालेको शाखा अधिकृत सन्तोष रायले जानकारी दिए। 'लुटपाट भएको राट्रिय परिचयपत्र शाखाको फोटो खिच्ने क्यामेरा युवा अभियन्ताहरूलाई परिचालन गरी फेला परेपछि शाखामा सेटअप गरेर सेवा थालिएको हो,' उनले भने।

-बाँकी दुई पेजमा

## शिक्षामन्त्री पुनले गरेका तीन निर्णय

काठमाडौं, ७ असोज। शिक्षामन्त्री महावीर पुनले हरेक सामुदायिक माध्यमिक विद्यालयमा एक जना कम्प्युटर शिक्षकको दरबन्दी अनिवार्य थप्ने निर्णय गरेका छन्। मंगलबार शिक्षामन्त्री पुनले नेपालभरका सामुदायिक माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थीहरू कम्प्युटर शिक्षाबाट बञ्चित नहुन् भन्ने उद्देश्यले उक्त निर्णय गरेको बताए। यस्तै, केहि बिश्वविद्यालयहरुले परीक्षा लिएर परीक्षाफल निकाल्न ८ महिनादेखि एक वर्षसम्म लगाउँदा त्यसले

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## रेविज: तथ्य बुझौं, त्रसित नहोऔं।

रेविजः कुकुर तथा जंगली जनावरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो।

**यसबाट बच्नः**

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं,
- जनावरले टोकेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरसँग टाढा बसौं,
- रेविजको उपचार हुँदैन, सतर्कता अपनाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# अराजकता र उत्तेजनाको खेती रोक

सामाजिक सञ्जाल बन्द गरिएपछि भ्रष्टाचार नियन्त्रणको समेत माग राखेर जेन(जीका नाममा भएको आन्दोलनपछि गठित नयाँ सरकारले कामकाज पनि थालिसकेको छ। आन्दोलनमा भएको दमन र विध्वंश, लुटपाट तथा आगजनीको छानबिनका लागि न्यायिक आयोग गठन भएको छ। भ्रष्टाचारको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्न पनि सबैको सहमति देखिन्छ। विडम्बना, अराजक, उत्तेजक र घृणा फैलाउने अभिव्यक्ति भने अझै प्रकट भइरहेका छन्। सरकारी दमनबाट आन्दोलनकारीमात्र होइन सबै नेपाली आक्रोशित भएका छन्। यस्तै, आन्दोलनका नाममा भएको रहस्यमय विध्वंश, लुटपाट एवं सार्वजनिक तथा निजी सम्पत्तिमा नियोजितरूपमा भएको आगलागीबाट पनि नेपाली जनता उत्तिकै चिन्तित छन्। दमन र विध्वंशका निम्ति दोषीहरूलाई कानुनबमोजिम कारबाही हुनुपर्छ भन्ने आवाज जेन–जीका नाममा आन्दोलन आह्वान गर्नेहरूले उठाइरहेका छन्। तैपनि, समाजमा अराजकता फैलनसक्ने गरी उत्तेजना र घृणा फैलाउन नरोकिनु दुर्भाग्य हो।

आन्दोलनको आह्वान नयाँ युवापुस्ता जेन–जीका नामबाट भए पनि विध्वंश, लुटपाट र आगजनीमा भने अपराधी मानसिकता भएका घुसपैठिया तत्त्वको मुख्य भूमिका उजागर हुन थालेको छ। व्यक्तिगत इबी साध्नका लागि वा कसैको अपराध लुकाउनका लागि समेत आन्दोलनको आवरणमा अपराध गरिएको पनि खुल्दै जाने देखिन्छ। पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकाले त आन्दोलनका नाममा सार्वजनिक र निजी सम्पत्ति तोडफोड एवं आगजनीमा जनप्रतिनिधि र कर्मचारी पनि संलग्न भएको आरोप लगाएर कारबाहीको तयारी गरेको समाचार सार्वजनिक भएको छ। आन्दोलनका नाममा भित्रैबाट पनि विध्वंश मच्चाइएको यो प्रतिनिधि उदाहरण हो।

अर्कातिर, आन्दोलनकै कारण राजीनामा दिन बाध्य प्रधानमन्त्री खड्गप्रसाद ओलीलगायत केही पुराना राजनीतिक दलहरूसँग सम्बन्धित व्यक्तिहरूले अपुष्ट 'षड्यन्त्र'को भ्रम फैलाइरहेका छन्। सधैँ भ्रमको खेती गर्दैआएका 'पेसेवर'हरूले त यसै पनि 'षड्यन्त्रको सिद्धान्त' फैलाएरै दातभातको जोहो गरिरहेकै हुन्। दुर्भाग्य, भ्रममा बाँच्ने र भ्रम फैलाएर बाँच्नेहरूका कारण मुलुक भने सधैँ सङ्क्रमण र अन्योलमै रहने भयो। समाजमा उत्तेजना र घृणा फैलियो भने अराजकता बढ्नेछ। यस्तो अराजकता र घृणा फैलाउन आफूलाई जेन–जी आन्दोलनकारी वा आन्दोलनकारीको निकट भएको देखाउने तत्त्व बढी सक्रिय देखिन्छ। अर्कातिर आन्दोलनकारीकै नयाँ सरकार गठन भइसकेकाले अब हुने अशान्ति र अराजकताको बोझ पनि यसैले उठाउनुपर्छ। अहिलेको अराजक तथा घृणास्पद अभिव्यक्ति समाजका लागि त हानिकारक छँदैछ नयाँ सरकारलाई पनि प्रत्युत्पादक हुनेछ।

सामाजिक सञ्जालको नियमन गर्न त अहिलेको सरकार तयार नहोला तर आन्दोलनकारीको समर्थन भएको सरकारले आह्वान गरेमा सम्भवतः अराजक र भ्रामक अभिव्यक्ति फैलाउने कार्य पक्कै कम हुनेछ। यो सरकारको समर्थनको कसी पनि हो। यसैले अप्रिय स्थिति उत्पन्न नहुँदै सरकारले विशेषगरी गृहमन्त्रीले यसलाई गम्भीरतापूर्वक लिएर समाजमा अराजकता नियन्त्रण गर्न र द्वेष एवं घृणा बढ्न नदिन विशेष ध्यान दिनु उचित हुनेछ।

# आस्था र प्रकृतिको संगम 'राजाजी डाँडा'



**मिथिलेश यादव**

लहान बजारबाट झन्डै १२ किलोमिटर उत्तर चुरेको काँखमा अवस्थित छ राजाजी डाँडा। लहान नगरपालिका–१६ मा पर्ने यो डाँडामा पुगेर उत्तर चुरे क्षेत्रको उच्च बिन्दुमा अवस्थित राजाजी डाँडाबाट सिरहा, सप्तरी र उदयपुरका विभिन्न भूभागका समथर फाँट र अनुपम भूदृश्य अवलोकन गर्न सकिन्छ। यहाँबाट देखिने हरियाली, खेतबारी, गाउँबस्ती र फाँटहरूको मनोरम दृश्यले जोकोहीलाई लोभ्याउँछ। गर्मी छल्न यो डाँडो यस भेगका मानिसको प्राथमिक रोजाइमा पर्दैआएको छ। सबैभन्दा नजिकको उच्च बिन्दु भएकाले राजाजी डाँडा आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा छ।

यो डाँडाले केवल प्राकृतिक मात्र नभई धार्मिक र पुरातात्त्विक महत्त्वसमेत बोकेको छ। यहाँ सयौं वर्ष पुरानो इँटाको मन्दिर, इनार र खुला डाँडामा रहेको देव हाटजस्ता महत्वपूर्ण धरोहर जीवन्त छन्। स्थानीय बासिन्दा पूजापाठ, भाकल, पूजाजस्ता धार्मिक गतिविधि गर्दै आएका छन्। संकटका बेला यहाँका देवता 'राजाजी बाबा'लाई पुकार्दा कल्याण हुन्छ, चिताएको पूरा हुन्छ भन्ने जनविश्वास छ।

पौराणिक कालमा यस डाँडामा राजाको दरबार रहेको र यहींबाट राजकाज सञ्चालन हुने गर्थ्यो भन्ने किंवदन्ती रहेको लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरी बताउँछन्। भनिन्छ, राजा सलहेस राजाजी दरबारका प्रधानमन्त्री थिए। राजाजी बाबाकै नामबाट यो अग्लो डाँडाको नाम राजाजी डाँडा परिचित हुन गएको हो। वडाध्यक्ष गरुडबहादुर जर्घामगरका अनुसार यो डाँडामा पहिले इँटाका ठुलाठुला पर्खाल थिए, जुन सयौं वर्ष पुराना हुन्। यो हाम्रो पुर्खाको समयदेखि नै त्यस्तै थियो। उनका अनुसार कसले र कहिले निर्माण गऱ्यो भन्ने लिखत वा अभिलेख नरहे पनि बनावटले यो पौराणिक कालदेखिको संरचना हो भन्ने बुझ्न सकिन्छ।

आज पनि ती पुराना इँटा यथावत छन्। संरक्षणको अभावमा यो धरोहर जीर्ण हुँदै गयो र प्रचारप्रसारको अभावमा यसको अनुसन्धान समेत हुन सकेन।



जसका कारण यो धरोहर ओझेल पर्न पुग्यो। अहिले भने स्थानीय तहको पहलमा यस क्षेत्रको विकासले गति लिएको छ। २५ लाख लागतमा लहान नगरपालिकाले राजाजी डाँडामा गहवर (मन्दिर) निर्माण गरी धरोहरको संरक्षण थालेको छ। यस स्थानसम्म जाने बाटो निर्माण गर्दैछ। राजाजी डाँडालाई संरक्षण र सौन्दर्यीकरण गरी सलहेससँगको सम्बन्धलाई जोडेर लहान नगरपालिकाले पर्यटकीय गन्तव्य बनाउने कामको सुरुवात गरेको नगर प्रमुख चौधरीले बताए। पुरातात्विक, सांस्कृतिक, धार्मिक र ऐतिहासिक यो धरोहरलाई यस भेगकै लोभलाग्दो पर्यटकीय गनतव्य बनाउने योजना अघि बढाएको उनले बताए।

पहिला यहाँ पुग्नका लागि एक घण्टाभन्दा बढी पैदल ठाडो उकालो चढ्नुपर्ने बाध्यता थियो। चुरे उकाली–ओराली पार गर्दै, श्रद्धालुहरू हरेक वर्ष असारमा असारी पूजा गर्न राजाजी डाँडा पुग्थे। यसैबिच स्थानीयको विश्वास र आस्थालाई धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिने सम्भावना देखिन थालेपछि पहिलोपटक २०७८ सालमा निवर्तमान नगरप्रमुख मुनि साहको नेतृत्वमा डाँडासम्मको ट्र्याक खोलिएको थियो। त्यसपछि चुरे फेदमा रहेको झिँझरी खोला पार गरेर झन्डै पाँच किलोमिटर चुरेको उकालो हुँदै राजाजी डाँडासम्म मोटर पुग्न थाल्यो। जसले गर्दा स्थानीयलाई धार्मिक पूजापाठ गर्नलाई सहज बन्यो। ट्र्याक खुलेपछि सजिलै डाँडासम्म पुगिन्छ।

आर्थिक वर्ष २०८२/८३ मा झिँझरी खोलाबाट राजाजी डाँडासम्मको बाटोमा पैदल हिँडेर पुग्न चाहनेका लागि सिँढी निर्माण गर्न थप बजेटको व्यवस्था गरिने योजना बनाइएको नगरप्रमुख चौधरीले बताए। उनी भन्छन्, 'राजाजी डाँडा धर्म, प्रकृति र पुरातात्त्विक पर्यटनको त्रिवेणी हो।' यो धरोहरको संरक्षण र प्रवर्धन गर्न सकिए मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्य बन्ने बलियो सम्भावना छ। राजाजी डाँडालाई पर्यटकीय केन्द्र बनाउने दीर्घकालीन योजना अनुसार काम सुरु गरिएको उनले बताए। 'यो एक स्थान मात्र नभई धार्मिक आस्था, ऐतिहासिक गौरव, सांस्कृतिक धरोहर र प्राकृतिक सौन्दर्यको अनुपम संगम स्थल हो,' उनले भने।

यसलाई पर्यटकीय स्थलका रूपमा विकास गरी बाह्य पर्यटकलाई आकर्षित गर्न सकिए नगरको गौरव त बढाउँछ नै, यस भेगको व्यापार र व्यवसायलाई समेत टेवा पुग्ने देखिन्छ।

### *अपहरणपछि...*

भयो, सोही क्रममा मोवाइल हेर्दा इमोमा ५ करोड फिरौति माँगेको म्यासेज आईरहेको थियो। हिन्दिमा लेखिएको सो म्यासेजमा ५ करोड रकम सेपटेम्वर २५ भित्र बुझाउन तथा प्रहरी र पत्रकारलाई खवरगरे जे पनि हुन सक्ने लेखिएको थियो।'

घटना जानकारी पाउनसाथ आफूहरुले प्रहरीलाई खवर गरेपनि प्रहरीले खोजतलासमा ध्यान नदिएको आफन्तको आरोप छ। अफन्तलेभने सम्भावित क्षेत्रहरुमा पुगेर खोजलास गरेको जनाए। हराईरहेका बालकको शव मंगलबार विहान घरबाट करिव सय मिटर पूर्व अर्जुन आधारभुत विद्यालय नजीकै भेटीएको हो। घटनाको प्रकृतिहेर्दा नजीकको व्यक्तिबाट हत्या भएको हुनसक्ने स्थानीयका आशंका छ। सोही आधारमा प्रहरीले मृतकको आफन्त र छिमेककाहरुलाई नियन्त्रणमा लिएको छ। अहिलेसम्म करिव ८ जनालाई नियन्त्रणमा लिईसकेको प्रहरीको भनाई रहेको छ।

**बन्स नै सकियो**

अभिशेकका बुवा करिव १० वर्ष पहिला पानी तान्ने मोटरमा विद्युतिय करेन्ट लागेर मृत्यु भएको थियो। उनको हजुरवुवा लक्ष्मण महतो एक्लो नातिको मुख मुखहेरेर बाचिरहेका थिए। नातीको पनि हत्या भएपछि उनको परीवार अहिले भावविहल भएका छन्। परीवारको एकमात्र आशाका केन्द्र अभिशेकको हत्याले परिवार र गाउँ नै शोकमा डेवेका छन्। अभिशेकका परीवारमा हजुरबुवा, हजुआमा, आमा र वहिनी छन्।

### *तीन सचिवको ...*

बैठकको निर्णय अनुसार गृहसचिव दुवाडीलाई योजना आयोगमा पठाइएको छ। गृहसचिवमा रामेश्वर दंगाललाई ल्याइएको छ। रक्षासचिवमा योजना आयोगका सचिव अर्याललाई पठाइएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जनाएको छ। हिजो सार्वजनिक बिदा भएकाले आज मुख्यसचिव एकनारायण अर्यालले सरुवा प्रमाणित गर्नुभएको हो।

### *पोखरीमा ...*

गएको हो। पोखरीमा नुहाउने क्रममा डुबेर दुवै बालिकाको ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डीएसपी) जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो। घटनाबारे स्थानीयवासीले जानकारी गराएपछि प्रहरीले पोखरीबाट शव निकालेको थियो।

## लुटिएको क्यामेरा

आन्दोलनका क्रममा राहदानी सेवाको स्क्यानर मेसिन, प्रिन्टर, मनिटर, सिग्नेचर प्याड, क्यामेरा स्ट्यान्ड फुटाइएकाले वैकल्पिक व्यवस्था नहुँदासम्म राहदानी सेवा बन्द नै रहने उनले बताए। उनका अनुसार आन्दोलनको क्रममा लुटेर लगेको क्यामेरा लगत्तै फिर्ता ल्याइएको थियो। नयाँ उपकरण आएपछि जडान गरी दसैँ अगाडिदेखि राहदानी दर्ताको काम थालिने योजना रहेको कार्यालयले जनाएको छ। कार्यालयबाट प्रवाह हुने सबै सेवाहरू सञ्चालन गर्न मर्मत–सम्भारको कामसमेत भइरहेको उनले बताए।

लहानस्थित इलाका प्रशासनले सिराहाको पूर्व–उत्तरी भेगमा पर्ने धनगढीमाई नगरपालिकाको १२, १३ र १४, लक्ष्मीपुरपतारी गाउँपालिकाको २ र ६, नवराजपुर गाउँपालिकाको १, सखुवानन्कारकट्टी र भगवानपुर गाउँपालिकाको १ देखि ५ नं. तथा लहान नगरपालिकाको १ देखि २४ नं. गरी ६ स्थानीय तहका ४० वटा वडा क्षेत्रका नागरिकलाई सेवा दिँदै आएको छ। उता, जिल्ला प्रशासन कार्यालय सिराहाबाट प्रवाह हुने अन्य सेवाहरू २९ भदौबाट नियमित गरेको भए पनि नयाँ नागरिकता, प्रतिलिपि, राहदानी र राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवाहरू १ असोजदेखि नै थालिसकेको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए।

धुम्रपान, मद्यपान तथा लागूऔषध नगरौं। फजुल खर्च रोकौं।

# मैथिली कला क्षेत्रमा चम्किँदै इशिका








जनकपुरधाम, ७ असोज। मैथिली कला क्षेत्रको इतिहास निकै लामो भए पनि उचित प्रचार–प्रसारको कमी, सरकारी पक्षको उदासीनता लगायतका कारण यसले अपेक्षित फट्को मार्न सकेको छैन। यद्यपि, नेपाल र भारत दुवै देशमा मैथिली कला क्षेत्र आ–आफ्नै तरिकाले अघि बढिरहेको देखिन्छ।

कुनै समय भारततर्फ मैथिली कलामा उल्लेखनीय लगानी भए पनि पछिल्लो चरणमा त्यो क्रम क्रमशः घट्दै गएको छ। यसको विपरीत मैथिली कला क्षेत्रमा नेपालका कलाकर्मीहरूले ठुलो लगानी गर्दै आएका छन्। युट्युबमार्फत मैथिली कला क्षेत्रमा नयाँ ऊर्जाको सञ्चार भएको छ। कम खर्चमा गीत–सङ्गीतदेखि लिएर फिल्मसम्म तयार गरी सोही माध्यमबाट विश्वभर प्रसारण गर्ने प्लेटफर्मका रूपमा युट्युब लोकप्रिय भएसँगै कलाकार र लगानीकर्ताले मनग्य आम्दानी गर्न थालेका छन्।

विशेष गरी सुनसरी, सप्तरी, मोरङ, सिरहा, धनुषा, महोत्तरी लगायत मिथिला क्षेत्रका जिल्लाबाट त्याप गीतदेखि लिएर परम्परागत गीतसम्म युट्युबमार्फत सार्वजनिक गरी कलाकारहरूले नाम र दाम कमाइरहेका छन्। मिथिला क्षेत्रमा कुनै समय एक जातीय वर्गले मात्र कला क्षेत्रमा पकड बनाएको देखिन्थ्यो। पछिल्ला वर्षहरूमा सबै वर्गले यस क्षेत्रमा सक्रियता देखाउँदै आफ्नो स्थान बनाउन सफल भएका छन्। जनकपुरधामले मिथिला कला क्षेत्रमा धेरै प्रतिभालाई स्टार बनाउँदै आएको छ। यही क्रममा जनकपुरधामले जन्माएको अर्को चर्चित नाम हो इशिका भुजेल।

पहाडी समुदायको भए पनि इशिका जनकपुरधाममै हुर्किन्। सानैदेखि उनले गीत–सङ्गीतमा करियर बनाउने सपना देखिन्। अभिनयमा त्यति रुचि नभए पनि उनले अभिनयमै पहिलो अवसर प्राप्त गरिन्। टिभी टुडेका लागि मैथिली टेलिसिरियल 'हुक्कालोली' निर्माण गरिरहेका निर्देशक तथा कलाकार बीएन पटेलले कलाकारका रूपमा इशिकालाई मौका दिए। सुरुका केही टेलिसिरियलमार्फत अभिनयमा निखार ल्याउँदै गरे पनि इशिकाको मन भने गीत–संगीतमै थियो।

यस यात्रामा उनलाई कलाकार अरुण विजयाले निरन्तर साथ दिए, जो अहिले उनका जीवनसाथी समेत बनेका छन्। अरुण विजयाकै अगुवाइमा 'लभ यू मिथिला' नामक टिम गठन गरियो, जसको स्टुडियोमार्फत इशिकाले कैयौँ मैथिली गीत रेकर्ड गरिसकेकी छन्। पहाडी समुदायकी भएर पनि उनले मैथिली परम्परागत गीत सहजै गाउने क्षमता देखाएकी छन्। इशिका भन्छिन्, 'म जन्मेको र हुर्केको ठाउँ मिथिला भएकाले मलाई पहाडी गीतभन्दा मैथिली गीत गाउन सजिलो लाग्छ।'

मैथिलीमा कैयौँ सुपरहिट गीत दिएकी इशिकाले अहिलेसम्म नेपाली फिल्मका लागि भने गीत गाउने अवसर पाएकी छैनन्। उनी आफूलाई मैथिली समुदायकै सदस्यका रूपमा चिनाउन चाहन्छिन्। कारण खोल्दै उनले भनिन्, 'मेरो श्रीमान् मधेसी ( यादव) हुनुहुन्छ, अब म पहाडी होइन, मैथिली समुदायकै हुँ भनेर बुझ्नुस्।' इशिका भुजेलले मैथिली कला क्षेत्रमा अभिनय र गायन दुवैमा आफ्नो दमदार उपस्थिति देखाएकी छन्। श्रीमान् अरुण विजयाको निर्देशनमा बनेको मैथिली फिल्म 'कलकतियावाली' सुपरहिट बनेको छ, जसले लगानीको पाँच गुणासम्म नाफा कमाएको छ। उक्त फिल्ममा इशिकाको अभिनयलाई निकै प्रशंसा गरिएको छ। त्यही फिल्ममा उनले गाएको गीत 'प्यार होइ या कोना...' अहिले युट्युबमा ट्रेन्डिङमा छ।

इशिकाका अनुसार उनको जीवनको ठुलो सपना नै मैथिली गीत–सङ्गीतमा नाम कमाउने हो। उनले भनिन्, 'श्रीमानको साथ त छँदैछ, यदि सबैले सहयोग गरे भने मैथिली कला क्षेत्रलाई देश–विदेशमा पुऱ्याउने छु। अन्य भाषा–भाषीलाई पनि मैथिली गीत–संगीत सुन्न बाध्य बनाउने मेरो लक्ष्य हो।' मैथिली भेषभूषा मन पराउने इशिका अहिले आफ्नो सुपरहिट फिल्म 'कलकतियावाली' को प्रमोशनका लागि भारतको मिथिला क्षेत्रमा गएकी छन्। जनकपुरधामको कुवा टोलस्थित एउटा चौरमा भाडामा जग्गा लिएर उनले र उनकी टोलीले सुटिङ स्थल निर्माण गरेका छन्। त्यहीँबाट विभिन्न मैथिली सिरियल र गीत निर्माण भइरहेका छन्, जसलाई युट्युबमार्फत प्रसारण गर्दा दर्शकको उल्लेखनीय साथ र समर्थन प्राप्त हुने गरेको छ।

उनको टिममा करिब एक दर्जन कलाकार छन्। तर केही समयअघि सोही टोलीमा कार्यरत कलाकार अनिशा झाले सुटिङस्थलको कोठामा आत्महत्या गरेपछि टोली कानुनी झन्झटमा परेको थियो। हाल भने कानुनी प्रक्रिया पूरा भइसकेको छ भने टोलीले पुनः पुरानै उत्साहका साथ काम सुरु गरेको छ।

# हामीले खोजेको चिज एउटा थियो, भइदियो अर्को : दुर्गा प्रसाईं



काठमाडौँ, ७ असोज। राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले वर्तमान राजनीतिक अवस्था र आ नो अभियानका विषयमा पत्रकार सम्मेलन गरेका छन्। मङ्गलबार भक्तपुरमा आयोजित पत्रकार सम्मेलनमा प्रसाईंले आफूहरूले देशमा प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको दाबी गरे। उनले भने, 'यो देशमा प्रतिपक्ष नै थिएन। त्यतिबेला हामीले प्रतिपक्षको भूमिका निभाएका थियौँ। यो अन्तरिम सरकारमा पनि प्रतिपक्षकै भूमिका निर्वाह गर्छौं। हामी खबरदारी गर्छौं।'

प्रसाईंले आफूहरूको अभियानको मूल उद्देश्य व्यवस्था र संविधानमा सुधार ल्याउने रहेको उल्लेख गरे। तर आफूहरूले उद्देश्य एक भएपनि जेनजी आन्दोलनबाट अर्कै भइदिएको बताए। उनले भने,'हामीले खोजेको चिज एउटा थियो, भइदियो अर्को। व्यवस्था परिवर्तन, संविधान परिवर्तन हुनुपर्थ्यो। त्यो भएन।' उनले यो व्यवस्थाले सबै नेपालीलाई विदेश जान बाध्य बनाएको समेत जिकिर गरे। यही पीडा बोक्दै आफूहरूले विगतमा पूर्वराजाको हातबाट परेवा उडाएर अभियान सुरु गरेको दाबी गरे।

उनले आ नो अभियान भ्रष्टाचारविरुद्ध केन्द्रित रहेको दाबी गर्दै बैंक ब्याजदर घटाउन पनि आन्दोलनले भूमिका खेलेको बताए। प्रसाईंले भने, 'हामीले अभियान सुरु गर्दा ब्याजदर १८ प्रतिशत थियो, अहिले ७ प्रतिशतमा झरेको छ। लघुवित्त पीडितहरू भागाभाग गर्ने अवस्था अन्त्य भएको छ।' प्रसाईंले महाअभियान राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक अधिकारको रक्षा गर्ने उद्देश्यका साथ निरन्तर अगाडि बढ्ने विश्वास व्यक्त गरे।

### *शिक्षामन्त्री...*

विद्यार्थीहरूलाई क्षति पुगेको बताएका छन्। त्यसैले विश्वविद्यालयलाई बढीमा तीन महिनाभित्र अनिवार्य रूपमा परीक्षाफल निकाल्न निर्देशन दिएका छन्।

यदि समयमै परीक्षाफल ननिकाले विश्वविद्यालयहरूको अनुदान रोक्का गरिदिने चेतावनी दिएका छन्। यस्तै त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको हाताभित्र ठूलो क्षेत्रफलमा रहेको झाडी फाँडेर सुन्दर बगैँचा सहित फुटपाथ बनाएर विश्वविद्यालयलाई आकर्षक बनाउने निर्णय गरेका छन्।

# पत्रकारको पेसागत र भौतिक सुरक्षाप्रति गम्भीर छु : सञ्चारमन्त्री खरेल

काठमाडौँ, ७ असोज। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पत्रकारको पेसागत र भौतिक सुरक्षाका सम्बन्धमा राज्यका सम्बन्धित निकायसँग छलफल गर्ने बताउनुभएको छ। नेपाल पत्रकार महासंघ, नेपाल टेलिभिजन प्रतिष्ठान शाखाद्वारा आज आयोजित हेम–सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोहमा मन्त्री खरेलले पत्रकारको सुरक्षा व्यवस्थाका विषयमा गृहमन्त्रीलगायत सम्बन्धित निकायसँग छलफल गर्ने बताउनुभयो।

उहाँले गत चैत १५ गते काठमाडौँ तीनकुनेमा भएको प्रदर्शनको समाचार संकलन गर्ने क्रममा पत्रकार सुरेश रजकको निधन भएको घटनाबारे छानबिन वा उचित न्यायका लागि पहल गर्ने बताउनुभयो। रजकसँगै विभिन्न आन्दोलन एवं प्रदर्शनका क्रममा मृत्यु वा घाइते भएका पत्रकारका विषयमा समेत छानबिन गर्ने उहाँको भनाइ थियो।

यस वर्षको हेम–सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कारबाट एभिन्यूज टेलिभिजनका क्यामरापर्शन रजकलाई मरणोपरान्त प्रदान गरेको छ। मन्त्री खरेलले यस पुरस्कारले रजकसँगै स्व पत्रकारहरू हेम–सुनिलप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। "सम्मानले परिवारलाई धैर्यता र साहस दिन्छ, स्व पत्रकार रजकको न्यायका लागि मन्त्रालय तत्पर हुनेछ। गृहमन्त्रीसँग छलफलमा बसेर कुरा गर्नेछु। प्रधानमन्त्रीसमक्ष पनि यो कुरा पुऱ्याउने छु", उहाँले भन्नुभयो, "पत्रकारको जीवन व्यवस्था परिवर्तन गर्दा होस वा सरकार परिवर्तन, प्राकृतिक वा मानव निर्मित जोखिम कुनै पनि कालखण्डमा जोखिम मालेर काम गरिरहेका हुन्छौँ। गाँस, बास कपासको दुःख हुन्छ तर हामीले देश, राष्ट्र जनताका लागि कलम चलाइरहनुपर्ने, आवाज हरू दिइरहनुपर्छ। आफू मरेको थाहै हुँदैन, आफू अधिकारविहीन, आफू अन्यायमा परेका थाहै हुँदैन।"



मन्त्री खरेलले सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबी) लाई स्वतन्त्र, व्यावसायिक र आर्थिक रूपमा आत्मनिर्भर बनाउनुपर्नेमा समेत जोड दिनुभयो। "रेडियो नेपाल र नेपाल टेलिभिजन मर्ज हुनु पिएसबी हुनु हो भन्नेमा ढुक्क नहोऔँ। जिम्मेवार, जवाफदेही, स्वतन्त्र र व्यावसायिक पिएसबी बनाउँछौँ भन्नेमा मेरो विश्वास छ", उहाँले भन्नुभयो।

सो समारोहमा मन्त्रालयका सचिव राधिका अर्यालले स्व पत्रकार रजकको परिवारको मागअनुसार न्यायका लागि मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो। स्व पत्रकार रजकको परिवारले उक्त घटनाको दोषी पत्ता लगाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग राख्नुभएको थियो।

सार्वजनिक प्रशारण सेवा नेपालका अध्यक्ष डा. महेन्द्र विष्टले सार्वजनिक सेवा रूपान्तरणको क्रममा रहेको उल्लेख गर्दै यस सेवालाई सही तवरले परिभाषित गर्नुपर्नेमा जोड दिनुभयो। त्यसका लागि आवश्यक आधार तयार गर्नका लागि सबैको सहयोग आवश्यक रहेको उहाँको भनाइ छ।

नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका अध्यक्ष सुरेन्द्र पौडेलले पिएसबीको मर्मअनुसार पूर्ण सञ्चालन र बजेटको सुनिश्चितताको माग गर्नुभयो। उहाँले बजेट सुनिश्चित नहुँदा नेपाल टेलिभिजनका पाँच वटै च्यानलको सञ्चालनमा कठिनाइ देखिएकातर्फ ध्यानाकर्षण गराउनुभयो।

नेपाल टेलिभिजनका पत्रकारद्वय हेम भण्डारी र सुनिल सिंहको स्मृतिमा स्थापित एक लाख राशिको हेम सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार २०६४ सालदेखि साहसिक पत्रकारिता गर्ने टेलिभिजन पत्रकारलाई प्रदान गरिँदै आएको छ। पुरस्कार हरेक वर्ष असोज ७ गते विशेष कार्यक्रमबीच प्रदान गरिँदै आएको छ।

विसं २०६३ असोज ७ गते समाचार संकलनका क्रममा ताप्लेजुङको घुन्सामा हवाई दुर्घटनामा नेपाल टेलिभिजनका हेम भण्डारी र सुनिल सिंहको निधन भएको स्मृतिमा हरेक वर्ष महासंघ टेलिभिजन प्रतिष्ठान शाखाले पुरस्कार प्रदान गर्दै आएको छ।

# चोरी निकासी रोक्न सीमाक्षेत्रमा कडाइ

पर्सा, ७ असोज। पर्सामा अवैध चोरी पैठारी र निकासी नियन्त्रण गर्न सुरक्षा व्यवस्था कडाइ गरिएको छ। चालु आर्थिक वर्षको दुई महिना बित्दा वीरगञ्ज भन्सार कार्यालयले लक्ष्य अनुसार राजस्व संकलन गर्न सकेन। भन्सार विभागले कार्यालयलाई चालु आवको दुई महिनामा ४३ अर्ब तीन करोड ११ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य दिएको थियो। तर, कार्यालयले लक्ष्यको ९० दशमलव ९९ प्रतिशत अर्थात् ३९ अर्ब १५ करोड रुपैयाँ मात्रै राजस्व संकलन गरेको हो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख विष्णुप्रसाद ज्ञवालीले चोरी तस्करी नियन्त्रणका लागि सरोकारवाला निकायसँग समन्वय गरेर अघि बढ्ने बताए। पर्साको सीमा क्षेत्रमा हुने चोरी तस्करी रोक्न अग्र पङ्क्तिमा सशस्त्र प्रहरी बल नेपाल र दोस्रो तहमा नेपाल प्रहरी खटिएका हुन्छन्। वीरगञ्ज भन्सार कार्यालय र पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका अनुसार पर्सामा सबैभन्दा धेरै भन्सार छली हुने सामानमा महँगा खालका तयारी कपडा, थान कपडा, झ्यालको पर्दा, जुत्ता–चप्पल र तन्ना छन्।

त्यसैगरी कुखुराको अण्डा, कुखुराको चल्ला र कुखुरा, माछा, सुक्खा सि । माछा पनि भन्सार छली हुने गरेका छन्। मोबाइल, हार्डवेयर तथा बाथरुम फिटिङ्स, किचनका सामानहरू, रङरोगनका सामान पनि भारतीय सीमावर्ती बजारबाट धेरै भित्रिने गर्छन्। साइकल, मोटरसाइकलको टायर ट्युब, मोटरपार्टस, इलेक्ट्रिक उपकरण र तिनका पार्टपुर्जा भन्सार छली गरी नेपाल भित्रिने गर्छन्। पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले बिलबीजक बिना मालवस्तु ओसार्ने प्रवृत्ति देखिएको बताए।

"भारतीय नागरिकले नेपालका कम आयआर्जन भएका नागरिकको नागरिकताको दुरुपयोग गरी विभिन्न फार्महरू दर्ता गरी त्यहीमार्फत तस्करी गर्ने पनि विभिन्न समयमा भेटिएको छ," उनले भने,"नेपाल/भारतका नागरिक–एउटाले तस्करीका सामान ओसार्ने र त्यसलाई वैधता दिन बिल मात्र किन्ने, बिलको किनबेच खालका पनि गतिविधि बेलाबखतमा देखिएको छ।" प्रमुख शर्माले भन्सारमा गलत घोषणा, मूल्य/तौल कम गरी आयात–निर्यात हुने गरेको बताए।

पर्साको सहरी र ग्रामीण क्षेत्रमा चाडपर्व लक्षित तथा जेनजीको प्रदर्शनका अवधिमा पनि केही स्थानमा चोरी तस्करी भएको गुनासो आएको छ। पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जेनजी प्रदर्शनका क्रममा बजार केन्द्रित सुरक्षा दिएकामा त्यसपछि ग्रामीण क्षेत्रमा सुरक्षा केन्द्रित गरिएको बताए। उनले भने, "सङ्गठित रूपमा अवैध चोरी पैठारी तथा निकासी गर्नेलाई कडाइ गर्दै आइरहेका छौँ।" यद्यपि पर्साको अलौँ, अमरपट्टि, भिष्वा, सिर्सिया, जानकीटोलालगायत स्थानमा धेरै चोरी तस्करी हुने गरेको छ। जिल्ला प्रहरी मातहत ७१ वटा प्रहरी युनिट छन्।

त्यसैगरी सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेड क्वार्टर पर्सामा छ। सो मातहत प्रस्तावित सीमा सुरक्षा गुल्म पाँच वटा छन्। बोर्डर आउट पोष्ट १२ र एफओवी तीन र सुरक्षा बेस भने नौ वटा छन्। सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वाटर पर्साका गणपति पुरनचन्द्र भट्टले ग्रामीण क्षेत्रमा हुन सक्ने चोरी तस्करी नियन्त्रणका लागि रातको समयमा पनि गस्ती बढाउँदै आइरहेको उल्लेख गरे। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी किशोर लम्सालले चोरी तस्करी र नियन्त्रणका लागि प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको दाबी गरे।

# सबै दल संघीयता जोगाउन प्रतिबद्ध, मुख्यमन्त्रीबाहेक जनमतका सांसद प्रतिपक्षमा

जलेकै भवनबाट सुरु भएको आजको प्रदेश सभामाको बैठकमा सबै दलले संघीयता जोगाउन प्रतिबद्धता जनाए। मंगलबार छैटौं अधिवेशनको तेस्रो बैठकमा सबै दलका नेताहरुले एक ढिक्का भएर अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरेका हुन्।




**कमलेश ठाकुर**

जनकपुरधाम, ७ असोज। मधेश प्रदेशसभाको बैठक कक्ष धुवाँले कालो थियो। सांसदहरु पुरानै कुर्सीमा बसेका थिए। सांसद अगाडि रहेको टेबल रंगरोगन गरिएको थियो। सभामुखको ड्यास नयाँ देखिन्थ्यो। भाडाका प्राविधिक समानहरु लिएर मंगलबार प्रदेशसभा सञ्चालन गरियो। जेन–जीको अगुवाईमा भएको आन्दोलनपछिको प्रदर्शनका क्रममा खण्डहरमा परिणत भएको प्रदेशसभा जसोतसो व्यवस्थापन गरिएको प्रदेशसभाका प्रवक्ता विपिन ठाकुरले बताए। विभिन्न शाखाका कर्मचारी बस्ने कुर्सी र केही पुरानो/नयाँ कुर्सी राखेर व्यवस्थापन गरिएको उनले जानकारी दिए। ड्यास पुरानैलाई पेन्ट गरिएको उनले बताए। उनका अनुसार १५ वटा कुर्सी, सभामुख ड्यास र पोडियम मात्रै नयाँ खरिद गरिएको छ। लाइभ गर्ने प्राविधिक समानहरु भाडामा लिएर सञ्चालन गरिएको उनले सुनाए। जेन–जी प्रदर्शनको क्रममा आगजनी हुँदा करिब ३० करोडको क्षति भएपछि व्यवस्थापन कठिनाइ देखिएको उनले बताए।

जलेकै भवनबाट सुरु भएको प्रदेशसभामा सबै दलले संघीयता जोगाउन प्रतिबद्धता जनाए। मंगलबार छैटौं अधिवेशनको तेस्रो बैठकमा सबै दलका नेताहरुले एक ढिक्का भएर अगाडि बढ्ने प्रतिबद्धता जाहेर गरे। नेकपा एमाले संसदीय दलका नेता तथा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले संघीयताको विषयमा कुनै दुर्भाग्यपूर्ण निर्णय भए फलामको च्युरा चपाउने दिन आउने कल्पना गर्दै जेन–जीलाई सचेत गराए। संघीयताले नै देशको निकास दिने भन्दै संघीयता जोगाउन प्रतिबद्धता जनाए। 'जेन–जी मुद्दाको विषयमा, मागको विषयमा राजनीतिक दल सचेत हुनु आवश्यक छ,' उनले भने,'सबै पक्षले सुधार्नु आवश्यक छ। हामी हरेक कुरामा सुधार ल्याउँछौं।'

मुख्यमन्त्री सतिशकुमार सिंहले संघीयता आएपछि विकास भएको फेरिहस्त सुनाए। '२०७२ भन्दा अघि कति सडक बनेको थियो ? रोजगारी कति थियो ?,' उनले प्रश्न गर्दै भने, 'त्यसकारण अहिले सबैले एक जुट भएर संघीयता बचाउन लाग्नुपर्ने समय आएको छ।' नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक कनिष पटेलले नेपालका सबै प्रदेशका सांसदहरुले प्रादेशिक संरचना बाचाउन एक हुनुपर्ने बताए। प्रादेशिक संरचना र संघीयता कुनै एउटा भाषाभाषीका लागि, जातजातिका लागि नरहेको उनले उल्लेख गरे। लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) नेपालका नेता ज्युनल राईले संघीयतामाथिको प्रहार रोक्न एक ढिक्का हुनुपर्ने जिकिर गरे। 'संघीयतामाथि जुन प्रहार भइरहेको छ, यस परिस्थितिमा हामी सबै मिलेर जानुपर्ने हो,' उनले भने,'हामी सबैको दायित्व हो जुन अवस्थाले गुज्रेको छ यसलाई एउटा पाठ लिनुपर्छ। यस सबकलाई गम्भीरतासँग नलिए हामीलाई संघीयताको जननी भन्न रुचाउँदैनन्।'

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# कृषकलाई सिँचाइ सामग्री वितरण

**प्रवीण कुमार शर्मा**

रौतहट, ७ असोज। रौतहटको माधवनारायण नगरपालिकाले सिँचाइका लागि कृषकलाई पम्पसेट उपकरण सहयोग गरेको छ। बाढी प्रभावित घरपरिवारको कृषि पुनर्स्थापना र सहनशिलता प्रवर्धन परियोजना अन्तर्गत नगरपालिकाका वडा ८ र ९ का ५० जना कृषकलाई सिँचाइ सामग्री वितरण गरिएको नगर प्रमुख बैजनाथ प्रसाद यादवले जानकारी दिनुभयो। परियोजना अन्तर्गत ८ नं. वडामा ३२ जना कृषकलाई र ९ नं. वडामा १८ जना कृषकलाई पम्पसेट, डेलिभरी पाइप वितरण गरिएको परियोजनाका कृषि अधिकृत बिबेक रौनियारले जानकारी दिनुभयो। बोरिङ्ग यसअघि नै जडान भइ सकेको उहाँले बताउनुभयो।

परियोजना अन्तर्गत वडा ८ मा १६ वटा कृषक समुह र वडा ९ मा ६ वटा कृषक समुह रहेको छ। वडा ८ मा प्रति समुह २ जनालाइ र वडा ९ मा प्रति समुह ३ जनालाई पम्पसेट उपलब्ध गराउने निर्णय समुहले गरेको नगरपालिकाका कृषि शाखा अधिकृत अनुजकुमार झाले जानकारी दिनुभयो। पम्पसेट हेरचाहका लागि तीन सदस्यीय समिति समेत बनाइएको उहाँले जानकारी दिनुभयो। सिँचाइ सामग्री वितरणले कृषिमा ठुलो सहयोग पुग्ने तथा यसले कृषकको जीवनस्तर माथि उठ्ने विश्वास रहेको वडा ८ का वडाध्यक्ष योगेन्द्रप्रसाद महतोले बताउनुभयो।

सिँचाइ सामग्री लिनुहुँदै वडा ८ का राधाकृष्ण कृषक समुहका सदस्य कोशीला देवीले कृषिमा आधुनिकीकरण र यान्त्रीकरण गर्दै कृषकलाई कृषिमा आत्मनिर्भर बनाउने नगर प्रमुख यादवको प्रयास सराहनीय रहेको बताउनुभयो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)